नबी (स.) को नमाज पढ्ने तरिका। 1

इमाम र एकलै नमाज पढ्ने लाई सुत्रा (पर्खाल) राख्न सुन्नत हो, इमामको सुत्रा मुकतदी (इमामको पछाडि नमाज पढ्नेहरु) को पनि सुत्रा हो।

उसले नमाज पढ्दा आफ्नो आँखा यताउता नहेरी सजदह (नतमस्तक) गर्ने ठाउँतिर राख्नपर्छ।



1

उसले आफ्नो खुट्टालाई आफ्नो काँधको बिचमा राख्नपर्छ, बढाउने र घटाउने मिलदैन,र तिनिहरुको बाहिर भागलाई सीधा पार्नुपर्छ।



2

नमाजका शर्तहरू पस्चात उसले भन्नुपर्छ «اللهُ أكبرُ» , र आफ्ना दुबै हातलाई औंलाहरु जोडेर र हत्केलाहरुको तलाउहरु किब्लातिर गरेर आफ्ना कानको लोती व काँधहरु सम्म उठाउनुपर्छ।



3

त्यस पछि उसले आफ्नो दाहिने हत्केलाको भित्री भाग आफ्नो बायाँ हत्केलाको बाहिरी भागमा नाडी र पाखुरासमेत आफ्नो छाती माथि राख्नपर्छ, वा समात्नुपर्छ।



4

त्यसपछि पहिलो रकातमा मात्र दुआऐ इसतफताह पढ्नु मुसतहब (राम्रो कार्य) हो,दुआऐ इसतफताहमा विविधता राम्रो कुरा हो,तब उसले भन्नुपर्छ

«سُبْحَانَكَ اللَّهُمَّ وبِحَمْدِكَ وتبارك اسْمُكَ، وتَعَالَى جَدُّكَ، ولا إله غَيْرُكَ».

फेरि उसले भन्नुपर्छ जुन कि हादिसमा बयान गरिएको छ।

«أعُوذُ بِاللَّهِ منَ الشيطانِ الرجيمِ».

फेरि उसले "बिस्मिल्लाहिर्रहमानिर्रहीम" पढ्नुपर्छ,र सुरह फातिहा का शब्दहरू अक्षरहरू व्यवस्थित ढङ्गले पढ्नुपर्छ।

بِسْمِ اللَّهِ الرَّحْمَٰنِ الرَّحِيمِ ﴿١﴾ الْحَمْدُ لِلَّهِ رَبِّ الْعَالَمِينَ ﴿٢﴾ الرَّحْمَٰنِ الرَّحِيمِ ﴿٣﴾ مَالِكِ يَوْمِ الدِّينِ ﴿٤﴾ إِيَّاكَ نَعْبُدُ وَإِيَّاكَ نَسْتَعِينُ ﴿٥﴾ اهْدِنَا الصِّرَاطَ الْمُسْتَقِيمَ ﴿٦﴾ صِرَاطَ الَّذِينَ أَنْعَمْتَ عَلَيْهِمْ غَيْرِ الْمَغْضُوبِ عَلَيْهِمْ وَلَا الضَّالِّينَ ﴿٧﴾

फेरि उसले कुरानका केहि सुरह अथवा केही आयतहरु (कंठहरु) बिना आऊजो बिल्लाह पढ्नुपर्छ,र उसले पहिलो सुरहमा मात्र बिस्मिल्लाहिर्रहमानिर्रहीम पढ्नु आनिवार्य छ।

5

फेरि उसले तकबिर तहरीमा जस्तै «اللهُ أكبرُ» भने लगत्तै हात उठाउनुपर्छ, र रकुअ गर्नुपर्छ,र उसले आफ्नो घुँडा समात्नुपर्छ र आफ्नो कुहिनोलाई झुकाउन मिल्दैन,र आफ्नो टाउकोलाई आफ्नो पिठ्युँको एकदम बराबरीमा राख्नपर्छ,र उसले एकचोटी आनिवार्य «سبحان ربي العظيم» भन्नुपर्छ, एक पटक भन्दा बढी भन्नु राम्रो कुरा हो जुन कि हदीसमा बयान गरिएको छ।



6



फेरि उसले उभिदै सीधा हुनु अघि «سمع الله لمن حمده» भन्दै आफ्नो दुबै हातलाई कानको लोती व काँधहरु सम्म उठाउनुपर्छ।

उभिएको आवस्थामा उसले भन्नुपर्छ «ربنا ولك الحمد» र हदिसमा भनिए आनुसार दुआहरु पढ्न राम्रो कुरा हो।

त्यसपछि उसले हात नउठाएर तकबीर भन्नुपर्छ,र सात अंङ्गले सजदह (ढोग) गर्नुपर्छ,निधारले, नाकले, दुबै हत्केलाको तल्लो भागले, दुबै घुँडाले,र दुबै खुट्टाको औलाहरुले।

उसले काख पेट र तिघ्राको बीचमा र तिघ्रा र पिन्डलको बीचमा दूरी राख्नपर्छ,र आफ्नो दुबै पाखुरालाई भुईंदेखि माथि राख्नपर्छ।

7

त्यसपछि एक पटक आनिवार्य«سبحان ربي الأعلى» भन्नुपर्छ,एक पटक भन्दा बढी भन्नु राम्रो कुरा हो जुन कि हदीसमा बयान गरिएको छ,र उसले मन पराएको कुराको लागि बिन्ती गर्न सक्नुहुन्छ,र हदिसमा भनिए आनुसार दुआहरु पढ्न राम्रो कुरा हो।



8

त्यसपछि उसले तकबीर भन्नुपर्छ र बायाँ खुट्टा बिछ्याएर बस्नुपर्छ,र दायाँ खुट्टा ठाडो राख्नपर्छ,र दायाँ खुट्टाका औंलाहरूको तलवाहरु भुइँमा राख्नपर्छ,र औंलाहरुलाई किब्ला तिर राख्नपर्छ, र तिघ्रा माथि हत्केलाको तलवाहरु राख्नपर्छ,र भन्नुपर्छ «رب اغفر لي» यस्तो खाले सबै नमाजमा बस्नुपर्छ चाहे त्यो तीन र चार रकत वाला किन नहोस्, र अन्तिम तशाहुदमा बायाँ खुट्टालाई दाहिने खुट्टाको मुनि राखेर तवारुक गर्नुपर्छ।



9

फेरि तकबीर भन्नुपर्छ र पहिलो सजदह जस्तै सजदह गर्नुपर्छ,र फेरि तकबीर भन्नुपर्छ र दुसरो रकातको लागि उठ्नुपर्छ,र यसमा पनि पहिला जस्तै गर्नुपर्छ,तर दोस्रो रकातमा न तकबीरे तहरीमा हुन्छ नत दुआए इसतफताह।



जब उसले दोस्रो सजदह पूरा गर्छ तब उसलाई तशाहुदका लागि बस्नुपर्छ

र शहादतको औंलाले संकेत गर्नुपर्छ,र बीचको औंलालाई औंठासित मिलाएर गोली जस्तो आकार बनाउँनुपर्छ, र शाहादतको औंलाले संकेत गर्दै दुआ पढ्नुपर्छ।



त्यसपछि तशाहुद को दुआ र दरुदे ईबराहीमी पढ्नुपर्छ।

« التحيات لله، والصلوات والطيبات، السلام عليك أيها النبي ورحمة الله وبركاته، السلام علينا وعلى عباد الله الصالحين، أشهد أن لا إله إلا الله، وأشهد أن محمدًا عبده ورسوله ، اللهم صل على محمد وعلى آل محمد، كما صليت على إبراهيم وعلى آل إبراهيم، إنك حميد مجيد، اللهم بارك على محمد وعلى آل محمد كما باركت على إبراهيم وعلى آل إبراهيم ، إنك حميد مجيد.

त्यसपछि उसले चारवटा कुराहरु बाट अल्लाहको शरण खोज्नुपर्छ,र दुआ पढ्नुपर्छ।

« اللهم إني أعوذ بك من عذاب جهنم ، وأعوذ بك من عذاب القبر ، وأعوذ بك من فتنة الدجال ، وأعوذ بك من فتنة المحيا والممات » ،

र आफ्नो प्रिय बिन्तीहरु गर, र हदिसमा भनिए आनुसार पढ्न राम्रो कुरा हो

« اللهم أعنّي على ذكرك وشكرك وحسن عبادتك ».

फेरि दाहिने र बायाँतर्फ यो भन्दै सलाम फेर्नुपर्छ «السلام عليكم ورحمة الله» र आफ्नो टाउकोलाई तलमाथि नगरे काँधतिर मात्र लैजानुपर्छ,र हाथले कुनै संकेत गर्ने मिल्दैन

10

प्रबन्धक : डा. हैसम सरहान , शिक्षक मसजिदे नब्बि र पर्यवेक्षक माहदुस्सुन्नह : mahadsunnah.com

पबलिश र वितरण गर्ने अधिकार उपलब्ध छ। अनुवाद जुडिने sarhaan.com व बारकोड स्केन गर्ने।